☎ : ०९७-६२०१३७
०९७-६२०३२७
🖷 ०९७-६२०१३३

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

पत्र संख्या : ०७५/७६
च.नं.: ४८१

मिति : २०७५।०७।१५

श्री स्थानीय तह सबै,
अछाम ।

**विषय : CCTV/Camera जडान सम्बन्धमा ।**

प्रस्तुत विषयमा अपराध अनुसन्धान तथा नियन्त्रण गर्ने कार्यमा विद्युतीय उपकरणको प्रभावकारिता बढाई CCTV/Camera जडान र प्रयोगलाई प्रोत्साहन तथा ब्यवस्थापन गर्ने उद्देश्यले गृह मन्त्रालयद्वारा मिति २०७२।०७।२५ मा CCTV/Camera जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि,२०७२ जारी गरेको ब्यहोरा विदितै छ । उक्त कार्यविधि अनुसार CCTV जडान गर्न अनिवार्य अनुमति लिनुपर्ने तथा खिचिएका श्रब्यदृष्य तथा अन्य विद्युतीय चित्रहरु न्यूनतम अवधिसम्म सुरक्षित राख्नुपर्ने ब्यवस्था प्रभावकारी कार्यान्वयन नभएको गुनासो आएको छ । सो सम्बन्धमा तहाँ जिल्ला भित्र CCTV/Camera जडान गर्ने ब्यक्ति, संघ, संस्था वा कार्यालयहरुको विवरण सार्वजनिक सूचना अह्वान गरी संकलन गर्ने अनुमति नलिएको हकमा कार्यविधि अनुसार अनुमति प्रदान गरी नियमित गर्ने र आइन्दा उक्त कार्यविधि अनुसार मात्र CCTV/Camera जडान गर्ने ब्यवस्था मिलाउनु हुन साथै CCTV/Camera जडान सम्बन्धि विषयमा प्रहरीको सहयोगमा नियमित अनुगमन गरी कार्यविधि पूर्ण पालना गर्न गराउन हुन भनी गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको) च.नं. ९२९, मिति २०७५।०७।१४ गतेको पत्रबाट लेखी आएकोले तहाँ स्थानीय तहमा CCTV/Camera जडान गर्ने ब्यक्ति, संघ, संस्था वा कार्यालयहरुको विवरण सार्वजनिक सूचना अह्वान गरी संकलन गरी सो को जानकारी यस कार्यालयमा पठाउनु का साथै माथि उल्लेखित कार्यविधिको पालना गर्न गराउनु हुन आदेशानुसार अनुरोध छ ।

शितल बहादुर रावल
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी